## रंगुन खोला जलाधारको संरक्षणको लागि चाल्नुपर्ने आगामी कदमहरु

रंगुन खोला जलाधारको भावी कार्यदिशाको सन्दर्भमा, स्थानीय जनप्रतिनिधि, सरकारी अधिकारीदेखि स्थानीय व्यवसायीलगायत स्थानीय वासिन्दाले यी सुझावहरूको तर्जुमा गरेका हुन, जसले विभिन्न दृष्टिकोणको प्रतिनिधित्व गर्दछ । त्यस अर्थमा, यी कार्य तथा प्रतिवद्धताले रंगुन जलाधारको वातावरणीय विषयहरूलाई सम्बोधन गर्ने प्रयत्न गरेको छ जसले जलाधारमा अवस्थित सबै समूहहरूका लागि समाधानउन्मुख र सुधारउन्मुख उपायहरू प्रदान गर्ने छ ।

| समस्या | कार्य/सुझाव |
| --- | --- |
| बाढी, पहिरो, भूक्षय, र नदी कटान | • दिगो वन व्यवस्थापन अभ्यास र वनको पुनर्स्थापनाका लागि वृक्षारोपण कार्यक्रमको महत्व र आवश्यकताको बारेमा स्थानीय समुदायलाई जनचेतना बढाउने,<br>• विद्यमान पूव  सुचना प्रणालीलाई बलियो बनाउने तथा नभएको स्थानमा नयाँ प्रणाली जडान गर्ने,<br>• नदी किनारलाई स्थायित्व दिने पद्धति विकास गर्ने तालिम तथा न्यून लागतको सहयोग उपलब्ध गराउने जसमा बाँध, तटबन्ध, स्पर्श, आइब्रो ट्रेन्च, संरक्षण पोखरी तथा ढलान सिँढी जस्ता उपायहरू पर्छन्, र<br>• मुख्य नदी प्रभावित क्षेत्रहरूमा बाँध, तटबन्ध, स्पर्श, आइब्रो ट्रेन्च, संरक्षण पोखरी तथा भिरलो जमीनमा गह्रा बनाउने आदि पर्दछन् । |
| पानीको मुहान सुक्ने समस्या र खानेपानी तथा सरसफाइसम्बन्धी पानीको द्वन्द्व | • पानीको स्रोत संरक्षण,र सरसफाइ गर्ने, र<br>• सबैको लागि पानीको समतामूलक पहुँचको लागि सचेतना बढाउन |
| माछाको घट्दो संख्या | • परम्परागत रूपमा माछाको मार्ने पद्धतिको यकिन तथ्यांक निकाल्नको लागि सर्वक्षेण गर्ने, र<br>• गैरकानूनी रूपमा माछा मार्ने अभ्यासलाई निरुत्साहित गर्न माझी समूहको गठन तथा एकता  गर्ने र विनाशकारी रूपमा माछा मार्ने पद्धतिको विरुद्ध सचेतना कार्यक्रम गर्ने । |
| घट्दो वन क्षेत्र, वन विनाश, गैरकानूनी वन फँडानी | • वनसम्बन्धी नीति र अन्य कानूनी व्यवस्थालाई कार्यान्वयन तथा लागू गर्न स्थानीय सरकारी निकायको क्षमता वृद्धि गर्ने,<br>• दिगो वन व्यवस्थापन अभ्यासको फाइदाको बारेमा जनचेतना फैलाउने, र<br>• वन उपोभोक्ता समितिलाई वन व्यवस्थापन योजना बनाउन र त्यसलाई कार्यान्वयन गर्नको लागि सशक्तीकरण गर्ने । |



USAID FROM THE AMERICAN PEOPLE

युएसएड पानी परियोजना

# रंगुन खोला जलाधार

## जलधारको संक्षिप्त पार्श्वचित्र

**सामुदायिक परिकल्पना:**
संरक्षण, दिगो प्रयोग तथा लाभको समान वितरणमार्फत् रंगुन जलाधार क्षेत्रमा सामाजिक, आर्थिक र वातावरणीय समृद्धीको प्रवर्द्धन गर्ने ।







## रंगुन खोला जलाधार

महाकाली नदी क्षेत्रमा पर्ने सात जलाधार क्षेत्रहरूमध्येमा रंगुन जलाधार क्षेत्र पनि एक हो ।  योजलाधार क्षेत्र उत्तरमा २५०० मिटर उचाइसम्म फैलिएको छ जुन महाभारत पर्वतशृंखला सम्म पुगेको छ । यस्तै यसको फैलावट दक्षिणमा ३०० मिटर उचाइसम्म रहेको छ जुन पर्शुरामधाम नजिकैबाट महाकाली नदीमा मिसिन्छ । निर्वाहमुखी कृषि र सामान्य पशुपालन रंगुन क्षेत्रको जीवनयापनको मुख्य विकल्पहरू हुन् तर घट्दो उत्पादन र कृषिभन्दा आम्दानीको अर्को विकल्पको सीमितताले गर्दा धेरै घरपरिवारमा खाद्य असुरक्षा बढिरहेको छ ।

जलवायु परिवर्तनको कारणले भएका समस्याहरूमा बाढी आउने गरी हने अतिवृष्टि, नदी कटान, बालुवा तथा गिट्टी बगाएर थुपार्ने जस्ता समस्याहरू पनि पर्छन् । समग्रमा यस्ता समस्याहरूले गर्दा पानीको उपलब्धता, पानीको मात्रा, र पानीको गुणस्तरमा नराम्रो असर परिरहेको छ जसले गर्दा त्यस क्षेत्रका जलीय र स्थलचर प्राणीहरूको प्राकृतिक वासस्थानमाक्षति पुगिरहेको छ ।


बर्षातको समयमा आउने बाढीले गर्दा आलिताल, शिर्सा र जोडबुढा गाउँपालिकाका भेगहरूमा ठूलो मात्रामा आर्थिक नोक्सानी पुऱ्याएको छ । नेपाल सरकार र दातृ निकायहरूले कताल, पारीगाँउ, सिमल खेत, लालढुङ्गा जस्ता क्षेत्रहरूलाई लक्षित गरेर नदी नियन्त्रण योजना कार्यान्वयन गरेको भए पनि वनजंगल फडाँनी, भूक्षय र नदी कटानको समस्या यथावत रहेको छ जसले नदीको तल्लो  भूभागमा बस्ने समुदायहरूलाई उच्च जोखिममा राखेको छ । जिल्ला भू–संरक्षण कार्यालयलेरंगुन खोला नियन्त्रण गुरुयोजनालाई सन् २०१० देखि सहयोग गरिरहेको छ ।

## संख्यामा रंगुन खोला जलाधार क्षेत्र

| | |
| --- | --- |
| नदि क्षेत्र | रंगुन |
| प्रदेश | प्रदेश ७ |
| जम्मा जलाधार क्षेत्र | ६९०.१ वर्ग किलोमिटर |
| खोलाको संख्या | १३५ |
| मुख्य नदीहरू | रंगुन, पुन्तुरा गाड, शिर्ष गाड , सुन खोला, साँदनी खोला |
| ताल तथा सिमसार क्षेत्र | आलि ताल, पिपलकोट ताल, कुमड गाड |
| जमीन ओगटेको क्षेत्र | वन ९१ प्रतिशत, कृषियोग्य जमीन ६.३ प्रतिशत, चरण क्षेत्र १.६ प्रतिशत |
| नगरपालिकाहरू | परशुराम नगरपालिका, आलिताल गाँउपालिका, जोरायल गाँउपालिकाको केहि भागहरु |
| जनसंख्या | ५३,१०९ (४८ प्रतिशत पुरुष, ५२ प्रतिशत महिला) (केन्द्रिय तथ्यांक विभाग) |
| जातीय समूहहरू | बाहुन (९.६ प्रतिशत), क्षेत्री (६६.२ प्रतिशत), जनजाती (८.८ प्रतिशत), दलित (१५.२ प्रतिशत) |

# रंगुन खोला
# जलाधारको स्थलगत नक्सा


**River Basin: Mahakali** **Watershed Code: 323**







## रंगुन खोला जलाधार क्षेत्रका वातावरणीय सवालहरु

पानी परियोजनाले सहयोग गरेको बहु–सरोकार संलग्न कार्यशालामा सहभागी भएका जलाधारका सरोकारवालाहरूले पहिचान गरेका वातावरणीय सवालहरू यस नक्शामा राखिएका छन् । यस्ता सवालहरू र समस्याहरू व्याप्त रहेको क्षेत्रहरूको पहिचान गरेर स्वच्छ पानी, सुदृढ जैविक विविधता तथा प्राकृतिक स्रोतको दिगो प्रयोगको सुनिश्चितताका लागि स्थानीय सरकार तथा निर्वाचन क्षेत्रहरूले यी जानकारीको प्रयोग गर्दै अल्प तथा दीर्घकालीन योजनाहरूको तर्जुमा गर्नेछन् भन्ने विश्वास लिइएको छ ।




## रंगुन खोला जलाधारको जलिय जैविक विविधतामा देखिएका जोखिमहरु

यस जलीय जैविक विविधता नक्सा विभिन्न सरोकारवालाहरूको सहयोगमा विकास गरिएको हो । यी सरोकारवालाहरूले जलचरको वासास्थान तथा जैविक विविधतासँग सम्बन्धित स्थानहरूको पहिचान गर्न तथा स्थानविशेषका आधारमा चुनौतीहरू पहिचान गर्न सहयोग गरेका थिए । सन्दर्भ नक्साको सिर्जना गर्न जिआइएस तथा स्थलगत अध्ययनबाट आएका तथ्याङ्कलाई समायोजन गरिएको यस्तो प्रकारको नक्साले जलिय जैविक विविधता संरक्षण गर्नका लागि प्रभावकारी रणनीतिको तर्जुमा गर्न सहयोग पुग्नेछ ।







## रंगुन खोला जलाधारको स्वास्थ्य सूचकहरुको - सारसंक्षेप

यस जलाधार स्वास्थ्य विवरणले बहु–सरोकारवालाहरूसँग गरिएको परामर्श प्रक्रियाबाट छनौट गरिएका पूर्व परिभाषित सूचकहरूका आधारमा जलाधारको अवस्थालाई गरिएको मापनलाई देखाउँछ । यी सूचकहरूले रंगुन खोला जलाधार क्षेत्रको हालको स्वास्थ्य स्थितिलाई समेत दर्शाउँछ । जलाधारले भोगिरहेका जोखिम तथा चुनौती र प्राप्त अवसरलाई प्रस्तुत गर्न रङ्गको कोडको प्रयोग गरिएको छ ।

### जलाधारको स्वास्थ्य अवस्थाहरु

राम्रो | ठिकै | नराम्रो

| | |
|---|---|
|  सुशासन एवं समानता | लाभ बाँडफांडका मुद्दाहरुमा समन्वय; समावेशी सहभागिता; नीतिगत प्रावधानको पालना; स्थानीय निकायहरुबीच समन्वय; लाभको बाँडफांडमा समतामूलक पहुँच; श्रोतसाधन व्यवस्थापन समुहमा सकृयता |
|  पूर्वाधार र प्रायोगिक भू-सम्पदाहरुको दिगोपना | जलविद्युत; गिट्टी बालुवा उत्खानन; सिंचाई; ग्रामीण सडक |
|  जलवायु उत्थानशीलता तथा प्रकोप जोखिम न्यूनिकरण | पुर्व सूचना प्रणालीमा पहुँच; मौसम सृजित जोखिम; घरधुरी स्तरका प्रयास; समुदाय स्तरिय अनुकुलन प्रतिकाय; जलवायुमैत्री अभ्यासहरूको अवलम्बन |
|  जैविक विविधता र वासस्थान | मिचाहा प्रजाती; घरेलु सरसफाइ; भू उपयोग; माछाको परिमाण; प्रजाति विविधता; माछा मार्ने अभ्यास; फोहोर व्यवस्थापन |
|  पानी | पानीको गुणस्तर; पानीको उपलब्धता; पानीमा पहुँच |
|  दिगो कृषिक्षेत्र | माटो व्यवस्थापन |